बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

पत्र संख्या : २०७९/०८०

चलानी नं.: ११३४

सुदुरपश्चिम प्रदेश, नेपाल

मितिः २०७९/०८/२९

श्री सबै वडा कार्यालय
बेलौरी नगरपालिका, कञ्चनपुर

<u>बिषय : पुनः एकिकरणका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्याकं संकलन सम्बन्धमा ।</u>

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार,काठमाण्डौंको च.नं.२३६ मिति २०७९/०८/२५ गतेको प्राप्तपत्रानुसार वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्यांक संकलन सम्बन्धी पत्र र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको तथ्याकं संकलन फारम सहित आवश्यक जानकारीको विवरण उपलब्ध गराई दिनहुनका साथै मन्त्रालयबाट पठाईएको पत्रको छाँया प्रति यसै पत्र साथ पठाईएको व्यहोरा अनुरोध गरिन्छ।

.................................
नर बहादुर बि.क
प्रमुख प्रशासकिय अधिकृत

नर बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

मितिः- २०७९/०८/२५

बेलौरी नगरपालिका
दर्ता नं. : १८६५
दर्ता मिति : ०६५/२/२८

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- २२९

श्री स्थानीय तह (सबै)।।

विषयः- पुनः एकीकरणका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्याङ्क संकलन सम्वन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ३७४ मिति २०७९/०८/१७ को पुनःएकीकरणका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्याङ्क संकलन सम्वन्धी पत्र र वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिको तथ्याङ्क संकलन फारम आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-E-mail मार्फत जानकारी गराइदिनु हुन।

संचिया गा.न.


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
(कल्याण, पुनर्स्थापना तथा सञ्चार शाखा)

बबरमहल, काठमाण्डौ
फोन न. ०१-५३२०२८४
०१-५३२०५६७
Email: rein@feb.gov.np


दर्ता ५०६३

पत्र संख्या : २०७९/८०
च.नं.: ३६४

मिति: २०७९।८।१७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९३६३
दर्ता मिति:- ८/२१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
संघीय मामिला महाशाखा,
सिंहदरवार, काठमाडौ ।

**विषय :- पुन:एकीकरणका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्याङ्क संकलन सम्वन्धमा ।**

वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, प्रविधि, ज्ञान र सीपको उपयोग गरी स्वदेश भित्रै रोजगारी र स्वरोजगारीका अवसर सृजना गरी वैदेशिक रोजगारीमाथिको परनिर्भरतालाई क्रमश: कम गर्दै लैजाने उद्देश्यले नेपाल सरकारले वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिको लागि पुन:एकीकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन निर्देशिक), २०७९ स्वीकृत गरेको छ । उक्त कार्यविधिमा व्यवस्था भए वमोजिम स्थानीय तहसँगको सहकार्यमा स्थानीय तहको माग र आवश्यकता बमोजिम स्थानीय तह मार्फत नै पुन:एकीकरणका कार्यक्रमहरु संचालन हुने व्यवस्था छ । सो बमोजिम पुन: एकीकरण कार्यक्रम संचालनका लागि वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिको खण्डिकृत तथ्याङ्क आवश्यक परेकोले सम्वन्धित स्थानीय तह भित्र रहेका वैदेशिक रोजगारीवाट फर्केका र पुन:एकीकरण कार्यक्रममा सहभागी हुन चाहने व्यक्तिहरुको *वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन:एकीकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन निर्देशिक), २०७९* को अनुसुची-३ वमोजिम तथ्याङ्क संकलन गरी संलग्न ढाँचा वमोजिमको एकिकृत तथ्याङ्क फाराम भरी यस बोर्ड सचिवालयको इमेल ठेगाना rein@feb.gov.np मा पठाउनका लागि सबै स्थानीय तहहरुमा पत्राचार गरिदिने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ । सबै स्थानीय तहवाट सो वमोजिमको तथ्याङ्क प्राप्त भए पश्चात लक्षित वर्गको संख्या र प्रकृती अनुसार स्थानीय तहवाट आवश्यकता अनुसारका योजना तथा कार्यक्रमहरु माग गरिने व्यहोरा समेत अनुरोध छ ।

श्री स्थानीय तह समन्वय शाखा

दिपक ढकाल
उप सचिव

**बोधार्थ :-**

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौ :- आवश्यक समन्वयका लागि अनुरोध छ ।

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं ।

# वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्यांक संकलन फाराम

प्रदेश:-

जिल्ला:-

स्थानीय तहको नाम:-

| सि नं | वैदेशिक रोजगारीवाट फर्केको व्यक्तिको नाम थर | ठेगाना ( वडा नं, टोलको नाम) | वैदेशिक रोजगारीमा गएको देश | पासपोर्ट नं | नेपाल फर्केको मिति | वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको सीप/अनुभव | नेपालमा गर्ने चाहेको पेशा/ व्यवसाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| .. | | | | | | | | |